निर्वाचन आयोग

# जिल्ला निर्वाचन कार्यालय, हुम्ला

# DISTRICT ELECTION OFFICE, HUMLA

आ.व. ०७९/०८० च.नं. ४३

मिति - २०७९/ ०५/१०

विषय - सुचना र मतदाता नामावली टाँसका लागि आवश्यक सहयोग गरिदिने वारे।

श्री नाम्खा गाउँपालिका, हुम्ला
श्री सिमकोट गाउँपालिका, हुम्ला
श्री खार्पुनाथ गाउँपालिका, हुम्ला
श्री सर्केगाड गाउँपालिका, हुम्ला
श्री चंखेली गाउँपालिका, हुम्ला
श्री अदानचुली गाउँपालिका, हुम्ला
श्री ताँजाकोट गाउँपालिका, हुम्ला

प्रस्तुत विषयका सम्वन्धमा संम्वत् २०७९ मंसीर ४ गते हुने प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्य निर्वाचन प्रयोजनका लागि यही मिति २०७९।०५।१२ देखि १९ गते सम्म जिल्ला निर्वाचन कार्यालय, हुम्लावाट संचालन हुने मतदाता नामावली अध्यावधिक (दावि विरोध समेत) कार्यक्रमको सुचना र सम्वन्धित स्थानीय तहका सवै वडाको मतदाता नामावली तहाँ स्थानीय तहहरुमा इमेल मार्फत पठाईएको हुँदा उक्त सुचना र मतदाता नामावली मिति २०७९।०५।१२ गते सम्वन्धित स्थानीय तहका सवै वडा कार्यालयहरुमा पठाई टाँस गरिदिन हुन अनुरोध छ । साथै सो सुचना र मतदाता नामावली टाँसका लागि आवश्यक पर्ने सहयोग समेत गरिदिन हुन अनुरोध छ ।

वोधार्थ

१. निर्वाचन आयोग, कान्तिपथ काठमाण्डौ
२ जिल्ला प्रशासन कार्यालय, हुम्ला - (जानकारीका लागि)
३ जिल्ला प्रहरी कार्यालय हुम्ला - (जानकारीका लागि)

२०७९।५।१०
..................
(श्याम वहादुर राना)
नि.जिल्ला निर्वाचन अधिकारी

नि. जिल्ला निर्वाचन अधिकारी

"फोटो सहितको मतदाता नामावलीमा नाम दर्ता गरौं"

E-mail: deo.humla@election.gov.np

☎ : ०८७-६८००२३/९८५८३९१६६९

निर्वाचन आयोग
# जिल्ला निर्वाचन कार्यालय, हुम्ला
# DISTRICT ELECTION OFFICE, HUMLA

आ.व. ०७९/०८० च.नं. ४४

मिति - २०७९/ ०५/१०

विषय - विवरण उपलव्ध गराईदिने वारे ।

श्री सवै स्थानीय तहहरु र सो अन्तर्गतका वडा कार्यालयहरु सवै, हुम्ला

प्रस्तुत विषयमा संम्वत् २०७९ मंसीर ४ गते हुने प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्य निर्वाचन प्रयोजनका लागि यही मिति २०७९।०५।१२ देखि १९ गते सम्म संचालन हुने मतदाता नामावली अध्यावधिक ( दावि विरोध समेत) कार्यक्रमको लागि तहाँ स्थानीय तहमा पठाईएको मतदाता नामावलीमा सम्वन्धित वडाले हेरि सो मतदाता नामावलीमा हाल सम्म मृत्यू भएका मतदाताहरुको विवरण मिति २०७९।०५।१६ गते सम्म जिल्ला निर्वाचन कार्यालयको इमेलdeo.humla@election.gov.np ठेगानामा उपलव्ध गराइदिन हुन अनुरोध छ । उल्लेखित व्यहोराको पत्र सम्वन्धित स्थानीय तहले आफ्नो वडा कार्यालयहरुमा समेत पत्राचार गरिदिन हुन अनुरोध छ ।

श्याम वहादुर राना

नि. जिल्ला निर्वाचन अधिकारी

"फोटो सहितको मतदाता नामावलीमा नाम दर्ता गरौं"

E-mail: deo.humla@election.gov.np

☎ : ०८७-६८००२३।९८५८३९१६६९

# जिल्ला निर्वाचन कार्यालय, हुम्ला
# DISTRICT ELECTION OFFICE, HUMLA


निर्वाचन आयोग जिल्ला निर्वाचन कार्यालय सिमकोट, हुम्ला २०६१

२०७९।०५।०८

## मतदाता नामावली अध्यावधिक (दाबी विरोध समेत ) कार्यक्रम सम्वन्धी जिल्ला निर्वाचन कार्यालय, हुम्लाको सुचना

सम्वत् २०७९ मंसिर ४ गते हुने प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्यको निर्वाचन प्रयोजनका लागि जिल्ला निर्वाचन कार्यालय हुम्लावाट मिति २०७९/०५/१२ देखि २०७९/०५/१९ गते सम्म संचालन हुने मतदाता नामावली अध्यावधिक (दावी विरोध समेत)को कार्यक्रम गर्न हुम्ला जिल्लामा रहेका सवै स्थानीय तहका वडा कार्यालयहरुमा स्थानीय तहको समन्वयमा मिति २०७९।०५।१२ गते मतदात नामावली प्रकाशन हुनेछ । प्रकाशन भएको सो मतदाता नामावलीमा मतदाताहरुले आफ्नो विवरण हेरि मिति २०७९।०५।१३ देखि १६ गते सम्म कुनै त्रुटी भए त्रुटी सच्याउन, आफनो नाम दोहोरो परेको भए हटाउन, कसैले झुट्टा विवरण दिई मतदाता नामावलीमा नाम समावेश गरेको भए सो को विरोधमा उजुरी दिन र कुनै मतदाताको मृत्यू भएको वा नागरिकता त्याग गरेको मतदाताको नाम मतदाता नामावलीवाट हटाउन सम्वन्धित स्थानीय तहहरुमा पठाइएका अनुसुची फाराम लिई अनुसुची फाराम भरी अध्यावधिक गर्नु पर्ने कारण प्रमाणहरु सहित भरेको अनुसुची फाराममा निवेदकको सहिछाप गरि उल्लेखित तोकिएको मिति भित्र निवेदक आफै वा निजको परिवारको सदस्य यस जिल्ला निर्वाचन कार्यालय हुम्लामा आई वा यस कार्यालयको इमेल ठेगाना **deo.humla@election.gov.np** मा स-प्रमाण सहित इमेल गरेर मतदाता नामावली अध्यावधिकका लागि निवेदन दिन हुन सम्वन्धित सवैको जानकारीका लागि यो सुचना प्रकाशित गरिएको छ । अनुसुची फारामहरु सम्वन्धित स्थानीय तहमा इमेल मार्फत पठाईएको छ ।

२०७९।५।१०

श्याम वहादुर राना

प्रमुख नाम दर्ता अधिकारी

नि. जिल्ला निर्वाचन अधिकारी

सम्पर्क ९८५८३९१६६९ र ९८५८३२२७२४/०८७६८००२३

जिल्ला निर्वाचन कार्यालय,हुम्ला

*"फोटो सहितको मतदाता नामावलीमा नाम दर्ता गरौं"*

E-mail: *deo.humla@election.gov.np* ☎ : ०८७-६८००२३/९८५८३९१६६९

निर्वाचन आयोग, नेपाल

प्रमुख नाम दर्ता अधिकारीको कार्यालय ...हुम्ला

मतदाता नामावली अद्यावधिक (दाबी विरोध समेत) कार्यक्रम सम्बन्धी सूचना

निर्वाचन आयोग जिल्ला निर्वाचन कार्यालय हुम्ला

**मतदाता नामावली अद्यावधिक (दाबी विरोध समेत) कार्यक्रम, २०७९ देहायका क्रियाकलाप सहित सञ्चालन हुने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।**

| क्र.सं. | क्रियाकलाप | देखि | सम्म | दफा | सम्पर्क गर्ने स्थान | जिम्मेवार व्यक्ति/निकाय |
|---|---|---|---|---|---|---|
| १ | कार्यक्रमको सूचना तथा मतदाता नामावली प्रकाशन | २०७९/०५/१२ | २०७९/०५/१२ | मतदाता नामावली ऐन, २०७३ को दफा १३ | सम्बन्धित वडा कार्यालय र प्रमुख नाम दर्ता अधिकारीको कार्यालय | प्रमुख नाम दर्ता अधिकारी |
| २ | क.सं. १ बमोजिम प्रकाशित मतदाता नामावलीमा रहेको त्रुटि सच्याउन सम्बन्धित प्रमुख नाम दर्ता अधिकारीको कार्यालयमा निवेदन दिने | २०७९/०५/१३ | २०७९/०५/१५ | मतदाता नामावली ऐन, २०७३ को दफा १४ | प्रमुख नाम दर्ता अधिकारीको कार्यालय | सम्बन्धीत मतदाता वा निजको परिवारको सदस्य |
| ३ | क.सं. १ बमोजिम प्रकाशित मतदाता नामावलीमा कसैले झुट्टा विवरण दिई नामावलीमा नाम समावेश गरेको भए सोको विरोधमा उजुरी दिने | २०७९/०५/१३ | २०७९/०५/१५ | मतदाता नामावली ऐन, २०७३ को दफा १५ | प्रमुख नाम दर्ता अधिकारीको कार्यालय | कुनै पनि व्यक्ति |
| ४ | क.सं. १ बमोजिम प्रकाशित मतदाता नामावलीमा कुनै मतदाताको नाम एकभन्दा बढी स्थानमा समावेश भएकोमा एक स्थानमा मात्र कायम गर्न निवेदन दिने (एकै स्थानीय तह वा फरक फरक स्थानीय तह वा एकै जिल्ला भित्रको भए प्रमुख नाम दर्ता अधिकारीको कार्यालयमा र फरक फरक जिल्लामा भए प्रमुख नाम दर्ता अधिकारी मार्फत आयोगमा निवेदन दिने) | २०७९/०५/१३ | २०७९/०५/१५ | मतदाता नामावली ऐन, २०७३ को दफा १६ | प्रमुख नाम दर्ता अधिकारीको कार्यालय | सम्बन्धित मतदाता |
| ५ | क.सं. १ बमोजिम प्रकाशित मतदाता नामावलीमा मृत्यु भएका वा नागरिकता त्याग गरेका मतदाताको नाम मतदाता नामावलीबाट हटाउनको लागि सूचना दिने | २०७९/०५/१३ | २०७९/०५/१६ | मतदाता नामावली ऐन, २०७३ को दफा १८ | प्रमुख नाम दर्ता अधिकारीको कार्यालय | सम्बन्धित मतदाताको एकाघरको सदस्य वा अन्य कुनै व्यक्ति |
| ६ | बसाइ सरी अन्यत्र गएका वा मृत्यु भएका वा नागरिकता त्याग गरेका वा नागरिकता रद्द भएका मतदाताको विवरण स्थानीय पञ्जिकाधिकारीबाट प्राप्त गर्ने | २०७९/०५/१३ | २०७९/०५/१६ | मतदाता नामावली ऐन, २०७३ को दफा १८ | स्थानीय पञ्जिकाधिकारीको कार्यालय | प्रमुख नाम दर्ता अधिकारीको कार्यालय |
| ७ | क.सं. ३ बमोजिम उजुरी परेको मतदातालाई प्रमाणसहित सफाइको मौका दिने | २०७९/०५/१३ | २०७९/०५/१७ | मतदाता नामावली सम्बन्धी नियमावली, २०६८ को नियम २२ | प्रमुख नाम दर्ता अधिकारीको कार्यालय | प्रमुख नाम दर्ता अधिकारी/सम्बन्धित मतदाता |
| ८ | क.सं. ५ बमोजिम प्राप्त सूचना र क.सं. ६ बमोजिम स्थानीय पञ्जिकाधिकारीबाट प्राप्त विवरणको आधारमा बसाइ सरी अन्यत्र गएका वा मृत्यु भएका मतदाताको हकमा जाँचबुझ गरी प्रमुख नाम दर्ता अधिकारीले हटाउने निर्णय गर्ने । नागरिकता त्याग गरेका वा नागरिकता रद्द भएका मतदाताको नाम मतदाता नामावलीबाट हटाउने सम्बन्धमा आवश्यक छानबीन गरी प्रमुख नाम दर्ता अधिकारीले हटाउने निर्णय गर्ने । | २०७९/०५/१३ | २०७९/०५/१७ | मतदाता नामावली ऐन, २०७३ को दफा १८ | | प्रमुख नाम दर्ता अधिकारी |
| ९ | सूचना/निवेदन प्राप्त नभए तापनि कुनै मतदाता बसाई सरी गएको, मृत्यु भएको, नागरिकता त्याग वा रद्द भएको व्यहोरा प्रमाणित हुन आएमा त्यस्तो मतदाताको नाम नामावलीबाट हटाउने । | २०७९/०५/१६ | २०७९/०५/१७ | मतदाता नामावली ऐन, २०७३ को दफा १८ | | प्रमुख नाम दर्ता अधिकारी |
| १० | क.सं. ३ बमोजिम परेको उजुरी र क.सं. ७ बमोजिम सम्बन्धित मतदाताले दिएको सफाइको आधारमा उक्त मतदाताको नामावलीबाट नाम हटाउने वा राख्ने सम्बन्धमा प्रमुख नाम दर्ता अधिकारीले निर्णय गर्ने । | २०७९/०५/१७ | २०७९/०५/१८ | मतदाता नामावली सम्बन्धी नियमावली, २०६८ को नियम २२ | | प्रमुख नाम दर्ता अधिकारी |
| ११ | क्रसं. २ बमोजिम परेका निवेदन बमोजिम जाँचबुझ गरी प्रमुख नाम दर्ता अधिकारीले त्रुटि सच्याउने | २०७९/०५/१८ | २०७९/०५/१८ | मतदाता नामावली सम्बन्धी नियमावली, २०६८ को नियम २२ | | प्रमुख नाम दर्ता अधिकारी |
| १२ | क.सं. ११ बमोजिम त्रुटि सच्याइएको र क.स. ४, ८, ९ र १० बमोजिम नाम हटाइएको सूचना निर्वाचन कार्यालयमा प्रकाशन गर्ने | २०७९/०५/१८ | २०७९/०५/१८ | मतदाता नामावली ऐन, २०७३ को दफा १८(३) | प्रमुख नाम दर्ता अधिकारीको कार्यालय | प्रमुख नाम दर्ता अधिकारी |
| १३ | क.सं. ४ बमोजिम फरक फरक जिल्लामा दोहोरो नाम परेको सम्बन्धमा निवेदन प्राप्त भए सोको छुट्टै विवरण तयार गरी जिल्लामा अद्यावधिक भएको डाटासँगै आयोगमा पठाउने | २०७९/०५/१९ | २०७९/०५/१९ | मतदाता नामावली ऐन, २०७३ को दफा १७(३) | प्रमुख नाम दर्ता अधिकारीको कार्यालय/निर्वाचन आयोग | प्रमुख नाम दर्ता अधिकारी |